लुम्बिनी प्रदेश सरकार

# आर्थिक मामिला मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

☏ ०८२- ५९०४३७
५९०४३८
५९०३९८

लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या : २०८०/८१ (सचिवालय)    मिति : २०८०/०४/०१

चलानी नं. : 09

**विषय :- आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।**

**प्रिय सहकारीज्यू,**

आर्थिक वर्ष २०८०/८१ को लागि तहाँ मन्त्रालय/कार्यालय/सचिवालय/आयोग र मातहतका निकायले गर्ने सेवा र कार्यको निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारका लागि प्रदेश विनियोजन ऐन, २०८० प्रारम्भ भएको व्यहोरा यहाँलाई अवगत नै छ। उक्त ऐनको अनुसूची तथा व्यय अनुमानको विवरणमा उल्लिखित रकम खर्च गर्न प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ बमोजिम अधिकारप्राप्त अधिकारीले खर्च गर्न सक्ने हुँदा सो अनुसार प्रत्येक निकायका लागि विनियोजित रकमको प्रचलित कानून बमोजिम खर्च गर्ने, गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने, गराउने लगायतका जिम्मेवारी बहन हुने नै छ।

आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम समयमा नै कार्यान्वयनमा लैजाने र लक्ष्य अनुसार भौतिक एवम् वित्तीय प्रगति हासिल गर्ने उद्देश्य अनुरूप आफ्नो तथा मातहतका निकायका लागि संवत् २०८० श्रावण १५ गतेभित्र बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्नु हुनेछ। संवत् २०८० साउन मसान्तभित्र बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने कानूनको पुनरावलोकन गरी आवश्यक निर्देशिका, कार्यविधि तथा कार्यक्रम मार्गदर्शन तयार गरी भाद्र मसान्तभित्र स्वीकृत गर्नु हुनेछ। प्रचलित कानूनमा अवधि तोकेको हकमा सोहि अवधिभित्र र नतोकेको हकमा भाद्र मसान्तभित्र आयोजना तथा कार्यक्रमको प्रारम्भिक चरणका कार्यहरू (वातावरणीय अध्ययन, जग्गा प्राप्ति, खरिद कारवाहीको तयारी लगायत) सम्पन्न गर्नु हुनेछ। आर्थिक वर्ष २०८०/८१ को लागि बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा प्रचलित कानूनमा भएका व्यवस्थाको अनिवार्य रूपमा परिपालना गर्नु, गराउनु हुनेछ भन्ने विश्वासका साथ प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (४) बमोजिम बजेट कार्यान्वयन सम्बन्धमा यो मार्गदर्शन प्रेषित गरेको छु।

आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिमको व्यवस्थाका लागि अनुरोध गर्दछु:-

**(क) कार्यक्रम कार्यान्वयन कार्ययोजना**

(१) प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ बमोजिम आर्थिक वर्ष २०७९/८० को प्रगति समीक्षा र आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यक्रम कार्ययोजनाको प्रस्तुति एवम् छलफल श्रावण महिनाको तेस्रो हप्तामा गर्ने गरी कार्यक्रम तय भएको छ। त्यसैले आर्थिक वर्ष २०७९/८० को प्रगति समीक्षाको लागि विवरण तयारीको साथै आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना समेत श्रावण १० गतेभित्र तयार गर्नु, गराउनु हुन।

(२) बुँदा नं (१) बमोजिमको कार्यक्रम कार्यान्वयन कार्ययोजना निम्न बमोजिम तयार गर्नुहुन:-

सचिव

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

☏ ०८२- ५९०४३७
५९०४३८
५९०३९८

| क.सं. | समय सीमा | क्रियाकलाप |
|---|---|---|
| १ | २०८० श्रावण महिनाभित्र सम्पन्न गर्नुपर्ने कार्यहरू | ○ बजेट बाँडफाँट तथा कार्यक्रम स्वीकृति (मन्त्रालयले)<br>○ अधिकार प्रत्यायोजन तथा अख्तियारी<br>○ वातावरणीय परीक्षण सम्बन्धी कार्यहरू<br>○ खरिद इकाई गठन/परिमार्जन<br>○ खरिद योजना/गुरुयोजना स्वीकृति<br>○ बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृति |
| २ | २०८० भाद्र महिनाभित्र सम्पन्न गर्नुपर्ने कार्यहरू | ○ कार्यविधि/निर्देशिका निर्माण, परिमार्जन एवम् स्वीकृति<br>○ खरिद कारवाही सम्बन्धी तयारी एवम् सूचना प्रकाशन<br>○ कर्मचारी/जनशक्ति व्यवस्थापन (कार्यविधिमा समय हेरफेर भएमा सोहि अनुसार) |
| ३ | २०८० आश्विन महिनाभित्र सम्पन्न गर्नुपर्ने कार्यहरू | ○ प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणालीमा विस्तृत क्रियाकलाप उल्लेख नभएका कार्यक्रमको हकमा विनियोजन भएको निकायले आर्थिक मामिला मन्त्रालयको सहमतिमा प्रदेश सरकारबाट स्वीकृती गराउने ।<br>○ टेण्डर/कोटेशन मूल्याङ्कन तथा छनौट<br>○ ठेक्का/खरिद सम्झौता<br>○ साइट क्लियरेन्स तथा निर्माण कार्य प्रारम्भ |
| ४ | २०८० कार्तिक देखि पौष महिनाभित्र सम्पन्न गर्नुपर्ने कार्यहरू | ○ आयोजना कार्यान्वयन चरणको अनुगमन मूल्याङ्कन (कम्तिमा ४०% भौतिक प्रगति)<br>○ प्रथम त्रैमासिक/चौमासिक समीक्षा |
| ५ | २०८० माघ देखि चैत्र महिनाभित्र सम्पन्न गर्नुपर्ने कार्यहरू | ○ अधिकांश निर्माण/खरिद कार्य कार्यान्वयन<br>○ आयोजना कार्यान्वयन चरणको अनुगमन एवम् मूल्याङ्कन (कम्तिमा ९०% भौतिक प्रगति)<br>○ अर्धवार्षिक समीक्षा<br>○ दोस्रो त्रैमासिक/चौमासिक समीक्षा |
| ६ | २०८१ बैशाख देखि ज्येष्ठ महिनाभित्र सम्पन्न गर्नुपर्ने कार्यहरू | ○ निर्माण/खरिद कार्य सम्पन्न<br>○ नाँप जाच परीक्षण एवम् भुक्तानी पूर्वको अन्तिम मूल्याङ्कन<br>○ स्रोत व्यवस्थापन<br>○ तेस्रो त्रैमासिक समिक्षा |
| ७ | २०८१ असार मसान्तभित्र सम्पन्न गर्नुपर्ने कार्यहरू | ○ खरिद प्रक्रियाको फरफारक<br>○ अन्तिम भुक्तानी<br>○ प्रतिवेदन |

(३) बार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि तथा प्रारम्भिक चरणका कार्यहरू पूरा गर्न नपर्ने किसिमका आयोजना तथा कार्यक्रम आर्थिक वर्षको शुरुदेखि नै खरिदको तयारी गरी कार्यान्वयन गर्नु हुनेछ।

सचिव

☎ ०८२- ५९०४३७
५९०४३८
५९०३९८

(ख) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट

(४) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा विस्तृत रूपमा क्रियाकलाप उल्लेख गरी समावेश भएको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत भएको मानिने हुँदा कार्यान्वयन गर्नु, गराउनु हुन।

(५) प्रशासनिक खर्च बाहेक प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा विस्तृत रूपमा क्रियाकलाप उल्लेख नभएको कार्यक्रमको हकमा विस्तृत क्रियाकलाप खुलाई यस मन्त्रालयको सहमतिमा २०८० आश्विन मसान्तभित्र प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत गराई त्यस्ता विस्तृत क्रियाकलाप PLMBIS मा प्रविष्टि गरी कार्यान्वयन गर्नुहुनेछ।

(६) PLMBIS मा कार्यक्रम र कार्यक्रम सङ्ख्या उल्लेख भएको तर क्रियाकलाप र कार्यान्वयन गर्ने स्थान स्पष्ट नभएको, कार्यक्रमको स्पष्ट रूपमा क्रियाकलाप र स्थान खुलाई २०८० आश्विन मसान्तभित्र यस मन्त्रालयको सहमति लिएर कार्यान्वयन प्रक्रिया अगाडि बढाउनु हुनेछ।

(७) एउटै अनुदान संकेतभित्रको एउटा कार्यालय/निकायको नाममा स्वीकृत कार्यक्रम अर्को कार्यालय/निकायबाट कार्यान्वयन गर्नुपर्ने भएमा PLMBIS मा संशोधन प्रस्ताव प्रविष्टि गरी आश्विन मसान्तभित्र यस मन्त्रालयको स्वीकृति लिएर कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(८) आर्थिक वर्ष २०८०/८१ मा नयाँ कार्यक्रमका लागि थप निकासा माग गर्नु हुने छैन। आर्थिक वर्ष २०८०/८१ को नीति कार्यक्रम तथा बजेटमा उल्लेख भएका र कानूनतः स्थापना गर्नुपर्ने कुनै संगठन, त्यसको संरचना र दरवन्दी सिर्जनासम्बन्धी निर्णय गर्नुपूर्व यस मन्त्रालयको सहमति लिनु हुनेछ।

(९) नेपाल सरकारबाट सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोहि आयोजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन गर्न र सोका लागि आवश्यक पर्ने प्रक्रिया र खर्चको विवरण सहितको कार्ययोजना २०८० भदौ मसान्तभित्र यस मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पेश गर्नु हुनेछ। सशर्त अनुदानतर्फका आयोजनाको बजेट फेरबदल गर्नुपर्ने अवस्थामा यस मन्त्रालयमार्फत् संघीय अर्थ मन्त्रालयको सहमति लिने व्यवस्था मिलाउनु हुनेछ।

(१०) यस आर्थिक वर्षमा प्रदेश सरकारबाट सवारी साधन खरिद नगरिने व्यवस्था रहेको विदितै छ। यदि बजेट तथा कार्यक्रममा सवारी साधन खरिद समावेश भएको अवस्थामा सवारी साधन खरिद गर्नुपूर्व अनिवार्य रूपमा यस मन्त्रालयको सहमति लिनुहुनेछ। साथै, उपलब्ध भएसम्म र भौगोलिक अनुकूलता समेतका आधारमा विद्युतीय सवारी साधन खरिद गर्ने प्रबन्ध गर्नुहुनेछ।

(११) प्राकृतिक प्रकोप, विपद् र विशेष अवस्थामा बाहेक थप निकासा/रकमान्तर नगरिने हुँदा विनियोजित बजेटको सीमाभित्र रही कार्यक्रम कार्यान्वयन गर्नु गराउनु हुनेछ।

(१२) स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृति वा संशोधन नगर्ने/नगराउने व्यवस्था अनिवार्य रूपमा पालना गर्नुहुनेछ। कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण गर्ने उद्देश्यले मन्त्रालय/निकायको

सचिव

☎ ०८२- ५९०४३७
५९०४३८
५९०३९८

सिलिङ सीमाभित्रै हुने गरी स्रोत सुनिश्चितता दिइएका कार्यक्रम तथा आयोजनामा विनियोजित बजेटभन्दा थप दायित्व सिर्जना गर्ने र थप बजेट माग गर्ने कार्य गर्नुहुने छैन।

(१३) अवण्डामा रहेका अनुदानसँग सम्बन्धित कार्यक्रमको सम्बन्धमा साउनभित्र कार्यविधि तयार हुनेछ र सोसम्बन्धी सूचना भदौ मसान्तभित्र प्रकाशन गरी अनुदान प्राप्त गर्ने निकायको एकीन गरिसक्नु पर्नेछ।

(ग) **बजेट निकासा तथा कार्यान्वयन**

(१४) सार्वजनिक खरिद सम्बन्धी कार्य गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३, सोको नियमावली, २०६४ र सार्वजनिक खरिदसम्बन्धी प्रदेश नियमावली, २०७६ लगायतका कानून अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु हुनेछ।

(१५) विभिन्न किसिमका कोष, अनुदान, सहायता, मागमा आधारित कार्यक्रम आदिमा विनियोजन भएको रकम कार्यविधि, निर्देशिका र मापदण्ड अनिवार्य रूपमा यस मन्त्रालयको सहमति लिई स्वीकृत गर्ने र कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(१६) तहाँ अन्तर्गत स्थापना/हस्तान्तरण हुने सचिवालय, कार्यालय आदिका लागि भैपरी आउनेमा विनियोजन गरिएको रकम खर्च शीर्षकगत रूपमा बाँडफाँट गरी यस मन्त्रालयको स्वीकृति लिएर कार्यान्वयन गर्नु हुनेछ। रकम बाँडफाँट गर्दा तलव, भत्ता, भाडा, पानी बिजुली, सञ्चार महसुल जस्ता अनिवार्य दायित्वमा यथेष्ट रकम छुट्याउनु हुनेछ।

(१७) खर्च शीर्षक नं. २८९११ (भैपरी आउने चालु खर्च) र ३१५११ (भैपरी आउने पुँजीगत खर्च) मा विनियोजित बजेट यस मन्त्रालयबाट बाँडफाँट स्वीकृत गराई खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(१८) बहुवर्षीय आयोजना वा कार्यक्रममा विनियोजन भएको रकम अन्य बहुवर्षीय आयोजनामा बाहेक अन्यत्र रकमान्तर गर्नुहुने छैन।

(१९) प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन गर्ने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको पूर्व सहमति लिई फाल्गुन मसान्तभित्र निर्णय गर्नुपर्नेछ।

(२०) कुनै आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भई सकेपछि बचत हुने रकमको पुनः ठेक्का लगाउनु हुने छैन।

(२१) प्रचलित कानून बमोजिम प्रदेश सरकार अन्तर्गत स्थापना वा गठन भएका बोर्ड, समिति, प्रतिष्ठान, आयोग, परिषद् वा यस्तै प्रकृतिका अन्य संस्थाले प्रदेश सरकारबाट प्राप्त जुनसुकै प्रकृतिको अनुदान प्रदेश सरकारको कार्यसञ्चालन कोष (विविध) खाताबाट खर्च गर्दै आएको भए आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्नेछ र सोहि आर्थिक वर्षभित्र खर्च हुन नसकी त्यस्तो खातामा बाँकी रहेको रकम असार मसान्तभित्र प्रदेश सरकारलाई फिर्ता गर्नुपर्नेछ।

(२२) स्वीकृत भएका बहुवर्षीय आयोजनाहरू निरन्तर कार्यान्वयन गर्नु हुनेछ। आर्थिक वर्ष २०८०/८१ को वार्षिक विकास कार्यक्रममा स्वीकृत कुनै आयोजना बहुवर्षीय आयोजनाको रूपमा कार्यान्वयन गर्नुपर्ने

☏ ०८२- ५९०४३७
५९०४३८
५९०३९८

भएमा २०८० असोज मसान्तभित्रै प्रदेश योजना आयोगबाट सिफारिस गराई यस मन्त्रालयबाट स्रोत सुनिश्चितता प्राप्त गर्नु पर्नेछ।

(२३) प्रदेश विनियोजन ऐन, २०८० को दफा ५ बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पुँजीगततर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका कुनै निकायमार्फत् कार्यान्वयन गर्नुपर्ने भएमा सोहि दफा र संघीय विनियोजन ऐनमा तोकिएका कार्यविधि पालना गरी यस मन्त्रालयको पूर्व स्वीकृति लिनु हुनेछ।

(२४) नयाँ आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएपछि प्रदेश योजना आयोग र यस मन्त्रालयको सहमति लिएपछि मात्र कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(२५) प्रदेश अन्तर्गत विभिन्न निकायबाट सञ्चालन हुने तालिम, गोष्ठी, अन्तर्क्रिया आदि सञ्चालन गर्दा निकायहरूसँग समन्वय गरी दोहोरो नपर्ने गरी प्रदेश सरकारबाट स्वीकृत सार्वजनिक खर्चको मापदण्ड अनुरुप गर्ने व्यवस्था मिलाउनु हुनेछ। तालिम सञ्चालनको लागि छुट्टै निकाय स्थापना भएको हकमा त्यस्ता निकायबाट सञ्चालन हुने तालिम तथा कार्यक्रम अन्य मन्त्रालय/निकायबाट सञ्चालन गर्नुहुने छैन।

(२६) श्रोतमा परेको चापलाई मध्यनजर गरी तालीम, गोष्ठी, सेमीनार जस्ता कार्यक्रमहरू सरकारी वा सार्वजनिक निकायमा रहेका सभाहल वा तालीम केन्द्रमा सञ्चालन गर्न प्राथामिकताका साथ कार्यान्वयन गर्नुहुनेछ ।

(२७) निर्माण व्यवसायीसँग खरिद सम्झौता गरी कार्यान्वयन हुने निर्माण कार्यहरू खरिद सम्झौता अनुसार काम भए नभएको विषयमा अनुगमन गरी समयमा कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउनु हुनेछ। समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीहरुलाई प्रचलित कानून बमोजिम कारबाही गर्नु हुनेछ।

(२८) विनियोजित बजेटभन्दा बढी रकमको र अर्को आर्थिक वर्षमा दायित्व पर्ने गरी खरिद कार्य गर्नु पर्ने भएमा खरिद कार्य शुरु गर्नु पूर्व यस मन्त्रालयको सहमति लिई अघि बढाउनु हुनेछ।

(२९) नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमा सञ्चालन हुने आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि द्विविधा उत्पन्न भएमा यस मन्त्रालय र सम्बन्धित संघीय मन्त्रालयसँग समन्वय गर्नु हुनेछ।

**(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन**

(३०) PLMBIS मा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा यस मन्त्रालयको स्वीकृति लिनुपर्नेछ। तर, प्रदेश विनियोजन ऐन, २०८० को दफा ८ को उपदफा (७) अनुसार प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लेखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी सशर्त, समपूरक र विशेष अनुदान बाहेक सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले देहाय बमोजिम कार्यक्रम संशोधन तथा रकमान्तर गर्न सक्नेछ:-

❖ एकै बजेट उपशीर्षकभित्रको भइरहेको क्रियाकलाप यथावत रहने गरी परिमाणात्मक लक्ष्य थप-घट गर्ने गरी कार्यक्रम संशोधन,

❖ यसरी कार्यक्रम संशोधन गर्दा रकमान्तर गर्नुपर्ने भएमा स्रोत परिवर्तन नहुने गरी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा १७ को अधीनमा रही उही बजेट उपशीर्षकभित्र एक

☏ ०८२- ५९०४३७
५९०४३८
५९०३९८

खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा थप हुने खर्च शीर्षकको शुरू विनियोजनको पन्ध्र प्रतिशतसम्मको रकमान्तर,

- ❖ आर्थिक वर्षको प्रथम त्रैमासिक अवधि बाहेक रकमान्तर र कार्यक्रम संशोधन,
- ❖ एकभन्दा बढी निकायमा रहेको एकै बजेट उपशीर्षक अन्तर्गतको एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नुपर्ने भएमा रकम घटाउने कार्यालयसँग सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट रकम रोक्का गरेको पत्र लिई, क्रियाकलाप परिवर्तन नगरी र कुल परिमाणात्मक लक्ष्यमा नघट्ने गरी कार्यक्रम संशोधन।

(३१) पुँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा र पुँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न सकिने छैन।

(३२) प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ र प्रदेश विनियोजन ऐन, २०८० को सीमाभित्र गरिएको रकमान्तर यस मन्त्रालयलाई जानकारी दिई PLMBIS मा Entry गरी स्वीकृत गराउनु पर्नेछ। अति आवश्यक भएमा बाहेक रकमान्तर गर्नु नपर्ने गरी स्रोत व्यवस्थापन गर्नु हुनेछ।

(३३) कुनै आयोजनामा विनियोजन भएको बजेटभन्दा बढी खर्च गर्नुपर्ने भएमा प्रदेश विनियोजन ऐन, २०८० को परिधिभित्र रही रकमान्तर स्वीकृत भएपछि मात्र कार्यान्वयन गर्नु हुनेछ। भुक्तानीका बखत रकमान्तर प्रस्ताव गर्नुहुने छैन। रकमान्तर सम्बन्धी सबै कार्य २०८१ बैशाख महिनाभित्रै सम्पन्न हुने व्यवस्था मिलाउनु हुनेछ।

(३४) पदाधिकारी र कर्मचारीको पारिश्रमिक, तलब, भत्ता, पोशाक, पानी तथा बिजुली एवम् सञ्चार महसुलमा आगामी आर्थिक वर्षमा दायित्व नसर्ने गरी र जरिवाना तिर्नु नपर्ने गरी खर्च व्यवस्थापन गर्नु हुनेछ। यस्ता खर्च शीर्षकबाट यस मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्न सकिने छैन।

(३५) स्वीकृत दरबन्दी र बजेटको परिधिभित्र रहेर मात्र सेवा करार व्यवस्थापन गर्नु हुनेछ।

(३६) नियमानुसारको कर कट्टी गरी भुक्तानी गर्नुपर्ने विषयमा भुक्तानी गर्दा अनिवार्य रूपमा अग्रिम कर कट्टी गर्ने व्यवस्था मिलाउनु हुनेछ। प्रत्येक निकायबाट कर कट्टी भएको वा सङ्कलन भएको विवरण नियमित रूपमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

(३७) आयोजनाको रकम भुक्तानी गर्दा उक्त आयोजनालाई PLMBIS मा विनियोजन भएको बजेटभन्दा बढि रकम भुक्तानी गर्नुहुने छैन।

(३८) मेला एवम् प्रदर्शनी जस्ता आयोजना सञ्चालनका लागि अनुदान दिंदा अनिवार्य रूपमा राजस्व सङ्कलन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(३९) मागमा आधारित आयोजनाहरु DPR पश्चात कार्यान्वयन गर्ने भनी विनियोजन भएकोमा DPR सम्पन्न भई कुनै आयोजना कार्यान्वयन गर्नुपर्ने भएमा यस मन्त्रालयको सहमति लिइ PLMBIS मा समावेश गराएर मात्र कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(४०) बजेटमा समावेश नभएका नयाँ आयोजनामा मन्त्रालयस्तरीय निर्णय गरी बजेटमा समावेश गर्नुहुने छैन।



सचिव

☎ ०८२- ५९०४३७
५९०४३८
५९०३९८

(४१) नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रमको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा चौमासिक रूपमा प्राप्त हुने हुँदा खर्चको विवरण मासिक रूपमा र प्रगति प्रतिवेदन चौमासिक रूपमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय र यस मन्त्रालयमा पठाउनु हुनेछ।

(४२) संघीय सशर्त अनुदान अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमको भौतिक र वित्तीय प्रगति विवरण सम्बन्धित आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले सम्बन्धित संघीय मन्त्रालय/निकायमा चौमासिक रुपमा पठाउनु हुनेछ।

(४३) नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत वैदेशिक स्रोत समावेश भएका कुनै आयोजना वा कार्यक्रम प्रदेशले कार्यान्वयन गर्ने गरी वित्तीय हस्तान्तरणमार्फत प्राप्त भएमा त्यस्तो आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निकायले बजेटको स्रोत र भुक्तानी विधि सम्झौतामा निर्दिष्ट गरेको ढाँचामा तोकिएको समयभित्र तयार गरी प्रदेश सरकारको सम्बन्धित मन्त्रालयमार्फत् नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सोधभर्ना माग गर्ने निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा प्रतिवेदन पेश गर्नु हुनेछ।

(ङ) वित्तीय पारदर्शिता र जवाफदेहिता

(४४) बजेटमा समावेश आ-आफ्ना मन्त्रालय/निकायका बजेट तथा कार्यक्रम र कार्यान्वयन कार्ययोजनासहितको मन्त्रालयगत/निकायगत बजेट पुस्तक तयार गरी आफ्नो मन्त्रालय/निकायको वेभसाइटमा राख्ने एवम् आफ्ना सबै कर्मचारी सेवाग्राही र संचार माध्यमलाई उपलब्ध गराउनु हुनेछ।

(४५) बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी रु. १० करोडभन्दा बढी बजेट विनियोजन भएका आयोजना तथा कार्यक्रमहरुको मासिक प्रगति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र सबै आयोजना तथा कार्यक्रमहरुको चौमासिक रुपमा प्रदेश योजना आयोग र यस मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ ।

(४६) आयोजना/कार्यक्रमको प्रगति तथा उत्पन्न भएका समस्याको महिना भुक्तान भएको १५ दिनभित्र माननीय मन्त्रीज्यूको अध्यक्षतामा बैठक बसी समीक्षा गर्नु हुनेछ। मन्त्रालयस्तरबाट समाधान हुन नसकेका समस्याहरू मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग र यस मन्त्रालयमा पठाउनु हुनेछ।

(४७) तलब भत्ता, सेवा करार लगायतका सबै प्रकारका भुक्तानीहरू बैंक खातामार्फत् मात्र गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(४८) प्रदेश सरकारबाट स्वीकृत सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को कडाईका साथ पालना गर्नु हुनेछ।

(४९) आयोजना प्रमुखको कार्य सम्पादन मूल्याङ्कनलाई आयोजना वा कार्यालयको प्रगतिसँग आवद्ध गर्ने व्यवस्था मिलाउनु हुनेछ।

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

☏ ०८२- ५९०४३७
५९०४३८
५९०३९८

(च) आर्थिक मितव्ययिता एवम् चालु खर्चमा नियन्त्रण

(५०) आर्थिक वर्ष २०८०/८१ मा चालु खर्चलाई निश्चित सीमाभित्र कायम राखे र आर्थिक मितव्ययिता कायम गर्न देहाय बमोजिम गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछः-

- कार्यालय सहयोगी एवम् सवारी चालक जस्ता पदहरूमा अति आवश्यक नभई पदपूर्ति नगर्ने वा सेवा करारमा लिने कार्य गर्नुहुने छैन। साथै, एकै व्यक्तिले एकभन्दा बढि काम गर्ने (जस्तैः सवारी चालक कार्यालय सहयोगी एवम् निजी सहायक) बहुसीपयुक्त जनशक्ति सेवा करारमा लिने र त्यस्ता जनशक्तिबाट कार्यालय समय भरि नै सेवा लिने व्यवस्था मिलाउने,
- मन्त्रालय/निकायले आफ्नो नियमित कार्य जिम्मेवारी अन्तर्गतको कार्यसम्पादन गर्दा बैठक भत्ता एवम् अतिरिक्त समय भत्ता प्रदान गर्नुहुने छैन। एकै समयमा बैठक भत्ता र अतिरिक्त समय भत्तामध्ये दुवै सुविधा उपलब्ध नगराउने,
- कर्मचारीलाई सवारी साधन एवम् इन्धन सुविधा सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ ले तोकेको मापदण्ड भन्दा अधिक सुविधा उपलब्ध नगराउने,
- कार्यालय प्रयोजनको लागि इन्धन प्रयोग गर्दा कुन कामको लागि प्रयोग गरिएको हो, सो कामको विवरण र यात्रा गर्ने दुरी समेतको आधारमा औचित्य पुष्टि हुने इन्धन मात्र स्वीकृत गर्ने र लगबुकमार्फत व्यवस्थित गर्ने,
- मातहत निकायको आयोजना तथा कार्यक्रम अनुगमन गर्दा निश्चित मापदण्डको आधारमा तोकिएको अन्तरालमा तोकिएको पदाधिकारीबाट अनुगमन हुने व्यवस्था मिलाउने । कतै पटक-पटक अनुगमनको नाममा दैनिक तथा भ्रमण भत्ता खर्च हुने कतै अनुगमन नै नहुने अवस्था आउन नदिने, अनुगमनमा जाने पदाधिकारीले तोकिए बमोजिमको अनुगमन प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने र त्यस्तो प्रतिवेदन प्राप्त नभई दैनिक तथा भ्रमण भुक्तानी खर्च नलेख्ने,
- सवारी साधन एवम् मेशिन उपकरण मर्मत सम्भार गर्दा गराउँदा सम्बन्धित प्राविधिकबाट यथार्थपरक लागत अनुमान तयार गरी गराई अधिकार प्राप्त अधिकारीबाट त्यस्तो लागत अनुमान स्वीकृत गरी आर्थिक वर्षभरिमा एक पटक मात्र (कुनै घटना वा दुर्घटना परेको अवस्थामा बाहेक) मर्मत सम्भार गर्ने गराउने। एकै सवारी साधन मर्मत सम्भारको नाममा पटक-पटक रकम खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने।

सचिव

लुम्बिनी प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

☏ ०८२- ५९०४३७
५९०४३८
५९०३९८

(छ) अन्यः

(५१) प्रदेश सरकारका निकायले आफ्नो स्वामित्व/भोगचलनमा रहेका जग्गालाई बाँझो नराख्ने तथा कार्यालय परिसरलाई वातावरणमैत्री बनाई हरियाली राख्ने व्यवस्था मिलाउनु हुनेछ।

(५२) अन्तमा, प्रदेश विनियोजन ऐन, २०८० को कार्यान्वयनबाट विनियोजन कुशलता, आयोजना तथा कार्यक्रम कार्यान्वयन दक्षतामा अभिवृद्धि हुनुका साथै सार्वजनिक खर्चमा मितव्ययिता, आन्तरिक नियन्त्रण प्रणाली तथा वित्तीय अनुशासन कायम भई प्रदेश सरकारको बजेट तथा कार्यक्रमको निर्धारित लक्ष्य प्राप्ति नतिजामूलक र प्रभावकारी हुने आशा लिएको छु।

(५३) सबै निकायहरूले आ-आफ्ना कार्य जिम्मेवारी, कानून व्यवस्था, जोखिम अनुमान, त्यस्ता जोखिमको न्यूनीकरणका उपायहरू र आचारसंहिताका विषयहरू समेटिएको आन्तरिक नियन्त्रण पुस्तिका तयार गरी लागू गर्नु हुनेछ।

अन्तमा, प्रस्तुत् बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा सहकारीज्यूको सिर्जनात्मक कुशल व्यवस्थापन, एवम् नेतृत्वदायी भूमिकाको अपेक्षा गरिएको छ। आर्थिक वर्ष २०८०/८१ को बजेटसँग सम्बन्धित प्रकाशन यस मन्त्रालयको वेभसाइट moeap.lumbini.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

श्री सचिवज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल ।
आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय,लुम्बिनी प्रदेश,राप्ती उपत्यका (देउखुरी), नेपाल।
आर्थिक मामिला मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल।
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल।
कृषि तथा भूमि व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल।
खानेपानी, ग्रामीण तथा शहरी विकास मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल।
भौतिक पूर्वाधार विकास मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल।
वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल।
सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल।
स्वास्थ्य मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल।

..............................
(केदारनाथ शर्मा)
सचिव

**बोधार्थः**
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौं ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, लुम्बिनी प्रदेश, नेपाल।